लोक सेवा आयोग

# हेटौंडा कार्यालय

हेटौंडा, मकवानपुर

## नेपाल प्रशासन सेवा, लेखा समूह, नायब सुब्बा वा सो सरह (अप्राविधिक) पदको प्रथम चरणको लिखित परीक्षाको परीक्षा केन्द्र कायम गरिएको सूचना ।

**सूचना नं. १०१/०८१-८२ , मिति २०८२/०२/११**

लोक सेवा आयोग, काठमाडौं कार्यालयको विज्ञापन नं. ११९०१-११९०७/०८१-८२ (खुला तथा समावेशी), **नेपाल प्रशासन सेवा, लेखा समूह,** रा.प.अनं प्रथम श्रेणी (अप्राविधिक), नायब सुब्बा वा सो सरह पदको लागि **हेटौंडा परीक्षा केन्द्र** राखी अनलाइनबाट दरखास्त फाराम स्वीकृत भएका सम्पूर्ण उम्मेदवारहरुको प्रथम चरणको प्रतियोगितात्मक लिखित परीक्षा पूर्व निर्धारित परीक्षा कार्यक्रमानुसार निम्न मिति, समय र स्थानमा सञ्चालन हुने भएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**साथै सहयोगी लेखक आवश्यक पर्ने उम्मेदवारहरुले सहयोगी लेखक माग गर्नु पर्ने कारण र प्रमाण सहितका कागजात संलग्न राखी लोक सेवा आयोग नियमावली, २०७९ को नियम ६८(१) बमोजिम परीक्षा शुरु हुने मिति भन्दा १०(दश) दिन अगावै यस कार्यालयमा निवेदन दिनु पर्नेछ ।** परीक्षार्थीहरुले अनिवार्य रुपमा पालना गर्नुपर्ने विषयहरु द्रष्टव्यमा उल्लेख गरिएको छ ।

### परीक्षा कार्यक्रम

| पत्र | विषय | परीक्षा प्रणाली | परीक्षा मिति र समय | समय अवधि |
|---|---|---|---|---|
| प्रथम | सामान्य ज्ञान र सामान्य बौद्धिक परीक्षण (General Knowledge & General Mental Ability Test) | बस्तुगत (बहुवैकल्पिक प्रश्न) | २०८२/०२/३१ गते दिनको २:०० बजे | (४५ मिनेट) |

### परीक्षा भवन

| क्र.सं. | उम्मेदवारहरुको रोल नं. | परीक्षार्थी संख्या | परीक्षा भवन |
|---|---|---|---|
| १ | हेटौंडा परीक्षा केन्द्र राखी दरखास्त स्वीकृत भएका सबै उम्मेदवारहरु । | | श्री मकवानपुर बहुमुखी क्याम्पस, हेटौडा । |

**द्रष्टव्य :**

क) परीक्षा सञ्चालन हुने दिन अप्रत्याशित विदा पर्न गएमा आयोगको पूर्व सूचना विना निर्धारित कार्यक्रम अनुसारको परीक्षा स्थगित हुने छैन ।

ख) प्रवेश-पत्र बिना कुनै पनि उम्मेदवारलाई परीक्षामा सम्मिलित गराईने छैन । साथै परीक्षार्थीले परीक्षामा सहभागी हुन आउँदा नेपाली नागरिकताको प्रमाणपत्र वा सरकारी कार्यालयवाट जारी भएको फोटो सहितको कुनै एक सक्कलै प्रमाणपत्र लिई उपस्थित हुनुपर्नेछ ।

ग) परीक्षा शुरु हुनु भन्दा १ घण्टा अगाडी परीक्षा केन्द्रमा आईपुग्नु पर्नेछ ।

घ) परीक्षा भवनमा मोबाईल तथा बिद्युतीय सामाग्री निषेध गरिएको छ । परीक्षामा क्याल्कुलेटर प्रयोग गर्न पाइने छैन ।

ङ) परीक्षामा कालो मसी मात्र प्रयोग गर्नुपर्नेछ । साथै उत्तरपुस्तिकामा सिसाकलम प्रयोग गर्न पाइने छैन ।

च) परीक्षाको किसिम बहुवैकल्पिक OMR उत्तरपुस्तिका हुनेछ ।

छ) तोकिएको परीक्षा केन्द्र बाहेक अन्य परीक्षा केन्द्रमा सहभागी गराईने छैन ।

(सुरेश साह)
कम्प्युटर अपरेटर

(बद्रीनाथ सापकोटा)
शाखा अधिकृत

(केशव शर्मा)
उप सचिव